गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

## विपद्का कारण विद्यालयमा पुगेको क्षति न्यूनीकरणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०६/१२**

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट चालू आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने कार्यक्रमहरू मध्ये प्रदेश र स्थानीय तहको साझेदारीमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षण समेतका आधारमा गुरुयोजना बमोजिम विपद्बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान कार्यक्रम अन्तर्गत विपद्जन्य घटनाका कारण सामुदायिक विद्यालयहरुमा क्षति पुगेको भए उक्त क्षति (२०८३ असार देखि यता) न्यूनीकरणका लागि सम्वन्धित विद्यालयहरुलाई प्रस्ताव पेश गर्ने सम्वन्धमा प्रस्तावको ढाँचा सहिच यस मन्त्रालयबाट मिति २०८३/०४/१८ मा सूचना प्रकाशन भएको विदितै छ । मिति २०८३/०६/८ गतेदेखि ११ गतेसम्म भारी वर्षाका कारण विद्यालयहरुमा क्षति पुगेको भए सो क्षति न्यूनीकरणका लागि सम्वन्धित विद्यालयहरुले देहाय बमोजिमका कागजातहरू सहित बिपद्जन्य घटना घटेको मितिले १५ दिनभित्र यस मन्त्रालय वा सम्बन्धित जिल्लाका एकीकृत सेवा कार्यालयहरूमा प्रस्ताव सहितको फाइल पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१.कार्यक्रमको नामः प्रदेश र स्थानीय तहको साझेदारीमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षण समेतका आधारमा गुरुयोजना बमोजिम विपद्बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान

२. प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

(क) विद्यालयको माग निवेदन र प्रस्ताव पत्र

(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय

(ग) क्षतिको लागत अनुमान(प्राविधिकबाट प्रमाणित)

(घ) स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय

(ङ) विपद् व्यवस्थापनका लागि कुनै सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नगरेको विद्यालयको पत्र

(च) प्राविधिक निर्माण कार्यमा सहजीकरण गर्ने प्रतिबद्धता सहित स्थानीय तहको सिफारिस

(छ) IEMIS मा क्षतिको विवरण खुलाइ स्थानीय तहबाट प्रमाणित गरेको प्रति

(ज) सुरक्षा निकायको रोहवरमा तयार पारिएको मुचुल्का

(झ)क्षतिका स्पष्ट बुझिने फोटोहरू

**थप जानकारीका लागिः**

**नबराज पौडेल (शा.अ.)- ९८४६१३४६११ ,चोलाकान्त सुवेदी (प्रा.स.) -९८४६३४४५६७**

२०८३/६/१२

उप सचिव

# विद्यालयले पेश गर्ने प्रस्तावको ढाँचा

क. विद्यालयको विवरण

विद्यालयको नामः

ठेगानाः

स्थानीय तहः वडा नं. टोलः

प्र.अ.को सम्पर्क नम्बरः विद्यालयको/प्र.अ.को ईमेल ठेगानाः

शैक्षिक सत्र २०८३ को विद्यार्थी सङ्ख्याः

| वाल विकास केन्द्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

ख. विपद्‌को प्रकारः

१.वाढी, पहिरो ,आगजनी ,हावाहुरी आदी जस्ता प्राकृतिक प्रकोपका कारण संरचनामा भएको क्षती

ग.विपद् बाट पुगेको क्षती

घ.क्षती न्युनिकरणका लागि अनुमानित लागतः

ङ.विपद्/ घटना घटेको मितिः

च.प्रहरी मुचुल्का तयार भएको मितिः

छ.स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय मितिः

ज.विद्यालय व्यवस्थापन समितिको निर्णय मितिः

प्रधानाध्यापकको

दस्तखतः

नाम थरः

अध्यक्षको

दस्तखतः

नाम थरः

विद्यालयको छापः

उप सचिव